२०६६।१२।२६

**प्रेस विज्ञप्ति ।**

ऊर्जा मन्त्रालय सन्दर्भमा आर्थिक वर्ष २०६६।६७ को कार्यक्रम तथा बजेटको दोश्रो चौमासिक प्रगति समीक्षा तथा विकास समस्या समाधान समितिको बैठक माननीय श्री डा. प्रकाश शरण महतज्यूको अध्यक्षतामा आज सोही मन्त्रालयको सभाकक्षमा सम्पन्न भएको छ ।

उक्त बैठकमा यस आर्थिक वर्षको दोश्रो चौमासिक तथा हालसम्मको उक्त क्षेत्रका निकायहरु ऊर्जा मन्त्रालय, जल तथा ऊर्जा आयोगको सचिवालय, विद्युत विकास विभाग तथा नेपाल विद्युत प्राधिकरण अन्तर्गत सञ्चालित कुल १९८ कार्यक्रमहरुको समीक्षा गरिएको र समग्रमा दोश्रो चौमासिकमा ६५.२ भौतिक प्रगति भएको र २६.२ वित्तीय प्रगति भएको विवरण प्राप्त भएको छ ।

उक्त बैठकलाई निर्देशन दिनु हुँदै ऊर्जा राज्यमन्त्री श्री चन्द्रसिंह भट्टराईज्यूबाट कार्यक्रमहरुको सञ्चालनलाई गति दिन मन्त्रालयबाट प्रभावकारी तथा नियमित निरीक्षणको आवश्यकता औंल्याउनु भएको थियो । उक्त प्रगति समीक्षाको अन्तमा ऊर्जा मन्त्रीबाट सम्बन्धित पदाधिकारीहरुलाई निर्देशन प्रदान गर्नु हुँदै समीक्षा बैठकलाई नियमित निरन्तरताको रुपमा मात्र प्रयोग नगरी सारगर्भित रुपमा भएका प्रगतिलाई प्रस्तुत गर्ने र समस्यामा रहेका आयोजनाहरुले सो बारेमा आफैले यथेष्ट समाधानका प्रयास गर्ने र आशातीत रुपमा समस्या समाधान नभएमा आफूभन्दा माथिको निकायमा रिपोटिङ गरी समस्या समाधानको प्रयास गर्न समेत निर्देशन दिनु भयो ।

**अनुप कुमार उपाध्याय**
सहसचिव एवम् प्रवक्ता